# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार



काठेखोला गाउँपालिका, बाग्लुङ्गको आयोजनामा वडा न ७ बिहु स्थित अमृतपनि आ.बि.मा बिध्यालय स्वास्थ्य शिक्षा अन्तरगत बिध्यार्थीहरुलाई हातधुने तरिका सिकाउनुका साथै शिक्षकहरुको मधुमेह रोगको स्कृनिङ संचालन भएको छ।



काठेखोला गाउँपालिका, बाग्लुङ्गको आयोजनामा काठेखोला-७, बागलुङ स्थित भिमसेन मा.बि.मा शिक्षकशिक्षिकाहरुलाइ नसर्ने रोगको स्कृनिङ साथै किशोरी हरुलाइ महिनावारि सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ ।**






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मातृशिशु मितेरी अस्पताल, कास्कीको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको नवौं फलोअप सम्पन्न भएको छ। मातृशिशु मितेरी अस्पताल, कास्कीको न्युनतम सेवा मापदण्डको नवौं फलोअपमा ८७% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा धौलागिरी अस्पताल, बाग्लुङ्गका कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट डाक्टर अमित ढुंगाना, पर्बत अस्पतालका मेशु डाक्टर हेमन्त बाँस्तोला, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्याङ्गजा अस्पतालका मेशु डाक्टर रुक्मिना अधिकारि र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्माको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रम अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष धर्मराज थापाको अध्यक्षतामा संचालन भएको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा पर्वत अस्पताल, पर्वतको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको चौधौ फलोअप सम्पन्न भएको छ। पर्वत अस्पताल, पर्वतको न्युनतम सेवा मापदण्डको नवौं फलोअपमा ८८% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा धौलागिरी अस्पताल, बाग्लुङ्गका कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट डाक्टर अमित ढुंगाना, मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्याङ्गजा अस्पतालका मेशु डाक्टर रुक्मिना अधिकारि, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख एक नारायण लम्सालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको प्रमुख उपस्थिति रहेको थियोभने अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष शंकर गिरिको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

### नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

### जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।

### यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा दादुरा रुबेला खोप अभियान २०८०/८१ सम्बन्धि जिल्ला स्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी संचालन भएको छ। कार्यक्रममा फलेबास नगरपालिका र महाशिला गाउँपालिका, पर्वत अन्तर्गतका स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको प्रमुख उपस्थिति रहेको छ। कार्यक्रममा मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल, पर्वत अस्पतालका मेशु डाक्टर हेमन्त बाँस्तोला, अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष शंकर गिरि, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख एक नारायण लम्सालको अध्यक्षतामा संचालन भएको थियो।



धौलागिरी आयुर्बेद औषधालय, बाग्लुङ्गको आयोजनामा बिद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रम सम्पन्न भएको छ। शिक्षा बिकास तथा समन्वय इकाईको समन्वयमा बागलुङ नगरपालिका स्थित धौलागिरी बिरेन्द्र मा.वि., रुद्रेपिपल मा.बि., न्यु ओएसिस एकेडेमी र फ्युचर ब्राइटर स्कुलका १० जना शिक्षकको सहभागितामा तीन दिवसिय बिद्यालय आयुर्वेद र योग शिक्षा तालिम कार्यक्रम संचालन भएको हो। कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता धौलागिरी आयुर्बेद औषधालयका प्रमुख डाक्टर शरद पन्थीले गर्नुभएको थियो। प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालको प्रमुख उपस्थिति रहेको उक्त कार्यक्रममा शिक्षा बिकास तथा समन्वय इकाई प्रमुख युक्त प्रसाद शर्मा, सहभागी बिध्यालयका प्रधानाध्यापकहरु भुमिराज शर्मा, राजेश श्रेष्ठ, बालकृष्ण शर्मा लगायत सहभागी र कर्मचारीहरुको उपस्थिति रहेको थियो। डाक्टर कमल बिक्रम पौडेलले कार्यक्रम संचालन गर्नुभएको थियो। तीन दिने कार्यक्रममा डाक्टर शरद पन्थी, डाक्टर कमल बिक्रम पौडेलको प्रशिक्षण, एकराज ढुङ्गाना, याम बहादुर थापा र सुनिल बहादुर थापाको सहजीकरणमा आयुर्वेद, आयुर्वेद सेवा र जीवन शैली, योग प्रणायाम र आसन एबम अभ्यास, घर वरिपरि र भान्सामा पाइने जडिबुटीको परिचय र महत्व सहितका बिषयमा कार्यपत्र प्रस्तुती सहित योग र प्रणायमको अभ्यास कृयापनि सन्चालन भएको थियो। कार्यक्रमले शिक्षकमा नया उर्जा सहित ज्ञान र योग तथा प्रणायम र आयुर्वेद सेवा सम्बन्धी बिषयगत कुराहरु जान्ने अवसर मिलेको र बिध्यार्थीलाई सहि ज्ञान दिन क्षमता वृद्धि भएको अनुभव बताउदै तीन दिने बसाइमा जीवन उपयोगी बुझेको, थपउत्प्रेरणा जागृत भएको र स्वास्थ्य एबम शिक्षा दुबै क्षत्रमा यो कार्यक्रमको महत्व रहेको हुदा सहभागीहरुले बिध्यालयमा कार्यक्रम सन्चालन गर्ने प्रतिबद्दता ब्यक्त गर्नुभएको थियो।

**बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजना तथा फेयरमेडको सहयोगमा प्रदेश स्तरीय समन्वयात्मक बैठक सम्पन्न भएको छ। कार्यक्रम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्माको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक, स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशका निमित्त महानिर्देशकको उपस्थिति रहेको थियो। फेयरमेडका केन्द्रीय प्रतिनिधिहरूको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा आगामी २०२५ देखि २०२७ सम्मको कार्ययोजनासँग सम्बन्धित विषयवस्तुहरूका बारेमा छलफल भएको थियो।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा कार्यस्थल र कर्मचारिहरुको स्वास्थ्य तथा सुरक्षा सम्बन्धी छलफल कार्यक्रमको आयोजना भएको छ। कार्यक्रम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्माको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक, स्वास्थ्य तालिम केन्द्रका निमित्त निर्देशक, क्षयरोग उपचार केन्द्रका निमित्त निर्देशक, मन्त्रालयका महाशाखा प्रमुखहरू, स्वास्थ्य निर्देशनालयका कर्मचारीहरू र कोपिला नेपालका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। सो कार्यक्रममा विशेषगरी काम गर्ने स्थलको सुरक्षा, कर्मचारीहरुको स्वास्थ्यका विषयमा नीति योजना तयार गर्ने निर्णय भएको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको नियमित बैठक सञ्चालन भएको छ। बैठकको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलले गर्नुभएको थियो।

बालबालिकाहरुलाई पौडि खेल्ने सिप सिकाउनु पर्छ र सिप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जामा अग्निकर्म सेवा संचालनमा रहेको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा यही मिति २०८० साल फागुन १३ गतेदेखि देशव्यापी रुपमा संचालन हुन गईरहेको दादुरा रुबेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्यकर्मीहरु (पहिलो ब्याच) को लागि १ दिने अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। विशेष गरेर बागलुङ जिल्लामा रहेका ९ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुबेला रोग विरुद्धको खोप प्रदान गरी रोगको रोकथाम तथा नियन्त्रण गरी सन् २०२६ सम्ममा दादुरा रुबेला रोगको निवारण गर्ने र दादुरा रुबेला रोगको महापारी हुन नदिन तथा नियमित खोप सेवा सुदृढिकरण गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले गर्नुभएको थियो। कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य अधिकृत विष्णु प्रसाद सुवेदीको विशेष उपस्थिति रहेको थियो र समसामायिक विषयमा विशेष सहजिकरण गर्नुभएको थियो। स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य, खोप सुपरभाइजर राजु खत्री र बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत राम प्रसाद खनालले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा जैमिनी नगरपालिका, बरेङ गाउँपालिका र काठेखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो ।



आँबुखैरेनी गाउँपालिका, तनहुँको आयोजनामा आँबुखैरेनी अस्पतालमा मृगौला रोगको डायलाईसीस सेवा सुरु गरिएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार



पशुपन्छी तथा मत्स्यबिकाश निर्देशालय पोखराको आयोजनामा अफ्रीकन स्वाईन फीभर रोगको बारेमा सन्चारकर्मीहरूका लागि मिडिया ब्रीफीङ्ग कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको आठौ फलोअप सम्पन्न भएको छ। मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वको न्युनतम सेवा मापदण्डको आठौ फलोअपमा ९०% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा पर्वत अस्पतालका मेशु डाक्टर हेमन्त बाँस्तोला, गोरखा अस्पताल, गोरखाका मेशु डाक्टर सिद्धार्थ खनाल, क्षयरोग उपचार केन्द्र, कास्कीका निर्देशक डाक्टर रमेश आचार्य, लमजुङ्ग अस्पतालका मेशु डाक्टर बिशाल तिवारी, स्याङ्गजा अस्पतालका मेशु डाक्टर रुक्मिना अधिकारि र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, चित्रकला अधिकृत होग्रेथ भुर्तेल, प्रशासन अधिकृत कृष्ण पनेरु, लमजुङ्ग अस्पतालका अस्पताल ब्यबस्थापक प्रमिला ढकालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रम अ.व्य.स.का सदस्यको अध्यक्षतामा संचालन भएको थियो।



प्रसुती घरभेट कार्यक्रम @ तारंजा स्वास्थ्य चौकी, बाग्लुङ्ग

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वय सेबिकाहरुको माघ महिनाको मासिक समिक्षा बैठक सम्पन्न भएको छ।



साविकको लेखनाथ सामुदायिक लायन्स अस्पताल निर्माण तथा संचालनको लागि ठुलो हृदय बनाई मुठी देखि सर्वश्व दान गर्नु हुने दाताहरुसंग छलफल कार्यक्रम भएको छ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

**मानसिक स्वास्थ्य : सबैको अधिकार**



स्वास्थ्य तालिम केन्द्र, पोखराको आयोजनामा स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता सम्वन्धी क्षमता विकास तालिम संचालन भएको छ।



भच्चेक आधारभूत अस्पताल मा सन्चालन भएको विशेषज्ञ चिकित्सक सेवा संचालन भएको छ, जसमा जनरल फिजिसिएन, हाडजोर्नी तथा नसारोग, स्त्रीरोग, जनरल सर्जरी, ल्याब सेवा, USG सेवा, x-ray सेवा प्रदान गरिएको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार



कुश्मा नगरपालिका, ८ चुवा, पर्बतमा स्वास्थ्य सामुदायिक स्वयम सेबिका प्रोत्साहन तथा अबकाश पछि सम्मान कार्यक्रम संचालन भएको छ।




मालिका गाउँपालिका वार्ड नंम्बर ०५, म्याग्दीको देविस्थान स्वास्थ्य चौकी अन्तर्गत रहेका गर्भवती महिलाहरुलाइ ग्रामीण अल्ट्रा साउण्ड सेवा संचालन भएको छ।



मुदी स्वास्थ्य चौकी, म्याग्दी को आयोजनामा आयोजनमा "पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषण कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम" सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने तालिम संचालन गरिएको छ ।



गण्डकी प्रदेशका सबै स्वास्थ्य संस्थाहरु अन्तर्गतका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको नियमित मासिक बैठक समसामयिक विषयमा छलफल गरि संचालन भैरहेको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार



फलामखानी स्वास्थ्य चौकी, पर्वतको आयोजनमा "पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषण कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम" सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने तालिम संचालन गरिएको छ ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा देशव्यापी रुपमा संचालन हुन गईरहेको दादुरा रुवेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्यकर्मीहरु (दोस्रो ब्याच) को लागि १ दिने जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। बागलुङ जिल्लामा रहेका ९ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुवेला रोग विरुद्धको खोप प्रदान गरी रोगको रोकथाम तथा नियन्त्रण गरी सन् २०२६ सम्ममा दादुरा रुवेला रोगको निवारण गर्ने र दादुरा रुवेला रोगको महापारी हुन नदिन तथा नियमित खोप सेवा सुदृढिकरण गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा धौलागिरी अस्पतालका प्रमुख कन्सलटेन्ट पिड्याट्रिसियन डाक्टर किरण तिवारीको उपस्थिति रहेको थियो। स्वास्थ्य कार्यालय, बागलुङका जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य, खोप सुपरभाइजर राजु खत्री र बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत राम प्रसाद खनालले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा बागलुङ नगरपालिका, गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो।

**"आत्महत्या"को नरमाइलो समाचार हिजोआज सामाजिक संजालभरि छरिएको छ। साधारण कार्य-कारण सम्बन्ध (cause-effect relationship) ले मात्र यो जटील विषयको व्याख्या गर्न सकिंदैन। विविध प्रकारका जैविक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक, साँस्कृतिक पक्षहरुको अन्योन्याश्रित सम्बन्धमा जेलिएको मानव जीवनमा 'आत्महत्या' मानसिक समस्याहरुको चरमोत्कर्षमा पुगेको आपतकालीन अवस्था हो भन्ने तथ्य नबुझेसम्म यसको समाधान गर्न सकिंदैन। त्यसैले यी तथ्यहरुलाई सबैले मनन गरौं।**

**१. "आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः"।**
**(आफू नै आफ्नो मित्र अनि शत्रु दुवै नै हो।)**

**२. परिवारजनले पनि मानसिक समस्याहरुको निराकरणमा सहयोग पुऱ्याउन सक्दछन्।**

**३. मनोपरामर्शद्वारा नै मनको समस्याको पहिचान, निदान एवं उपचार हुनसक्दछ।**

**४. निराशा बढ्दै गएमा मनोस्वास्थ्यकर्मीहरुको सहयोग लिन नहिच्किचाऔं।**

**५. "मनका डाक्टर"लाई अवश्य भेटौं अनि भेटाऔं ।**

**डाक्टर अजय रिसाल**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा पृथ्वी हिरन्य मा बि अमलाचौरका विद्यार्थीहरुलाई फेब्रेबरि महिना आयोडिन महिना र दादुरा रुबेला राष्ट्रिय खोप अभियानको अबसरमा स्वास्थ्य शिक्षा कक्षा सञ्चालन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना, जैमिनि नगरपालिका र कुश्मीसेरा प्रा.स्वा.के.को समन्वयमा किटजन्य रोगहरुको अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कुश्मीसेरा प्रा.स्वा.के अन्तर्गतका व्यावस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, म.स्वा.से लगायत ३४ जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सत्र कुश्मीसेरा प्रा.स्वा.के का व्यावस्थापन समितिका अध्यक्ष सामाजिक विकास समिति संयोजक विष्णु आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। मन्तव्य जैमिनि नगरपालिका स्वास्थ्य शाखाबाट तिर्थ पौडेलले राख्नु भएको थियो। कार्यक्रमको सन्चालन कुश्मीसेरा प्रा.स्वा.के का ज.स्वा.नि विदुर शर्माले गर्नु भएको थियोभने कुश्मीसेरा प्रा.स्वा.के का डाक्टर शुलभ आचार्य, स्वास्थ्य कार्यालय बागलुङकि ज.स्वा. नि. लक्ष्मी शर्मा, म. ई कमला थापाद्वारा कार्यक्रमको सहजिकरण भएको थियो।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना, जैमिनि नगरपालिकाको समन्वयमा पोषण सम्बद्ध सरोकारवालाहरुसंग पोषण पैरवी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। जैमिनि नगरपालिकाका विषयगत शाखा (स्वास्थ्य, कृषि, पशु, महिला बालबालिका, खानेपानी तथा सर सफाई, शिक्षा), कृषक, विषादि व्यापारी, होटल, मासु व्यवसायि, शिक्षक, विद्यार्थी, जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायतको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सत्र जैमिनि नगरपालिकाका प्रमुख नर बहादुर पुन अध्यक्षतामा नगर उप प्रमुख हरिहर शर्मा, प्र.प्र.अ हरि बहादुर भुजेल, सामाजिक विकास संयोजक लगायतको आथित्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक तिर्थ पौडेलले गर्नु भएको थियोभने स्वास्थ्य कार्यालय, बागलुङकी ज.स्वा. नि. लक्ष्मी शर्माद्वारा कार्यक्रमको सहजिकरण भएको थियो।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजना र अर्जुनचौपारी गाउँपालिकाको समन्वयमा खोप दिने स्वास्थ्यकर्मीहरुलाई दादुरा रुबेला खोप अभियान सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



नरेठांटी स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा लायन्स क्लब अफ बागलुड, गलकोट घुम्टे तथा नेपाल रेडक्रस सोसाईटी नरेठांटी उपशाखाको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा(प्रादेशिक रक्त संचार केन्द्र) कास्कीको प्राविधिक सहयोगमा बृहद रक्तदान कार्यक्रम सम्पन्न भयो।

**दादुरा मिजल्स भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिटै महामारीको रुप लिन सक्दछ ।**



बरंजा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापको बसेको नियमित बैठकमा विभिन्न शीर्षक (मासिक सेवा प्रवाह, म्याद सकिएको औषधि, संस्था अनुगमन तथा संस्थाको भौतिक संरचना को अवस्था) बारे छलफल सहित बैठक सम्पन्न भएको छ।



सामुदायिक सेवा केन्द्र आम्बोट पर्वतको आयोजनामा मोदी गाउँपालिका-५, आम्बोटमा लागु औषध न्यूनिकरण सम्बन्धि लघुसचेतनामुलक कार्यक्रम संचालन गरिएको छ।

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्बतको आयोजनामा "पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषण कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम" को लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने तालिम जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरूमा संचालन गरिएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा यही मिति २०८० साल फागुन १३ गतेदेखि देशव्यापी रुपमा संचालन हुन गईरहेको दादुरा रुवेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्यकर्मीहरु (तेस्रो तथा अन्तिम ब्याच) को लागि १ दिने जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। विशेष गरेर बागलुङ जिल्लामा रहेका ९ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुवेला रोग विरुद्धको खोप प्रदान गरी रोगको रोकथाम तथा नियन्त्रण गरी सन् २०२६ सम्ममा दादुरा रुवेला रोगको निवारण गर्ने र दादुरा रुवेला रोगको महापारी हुन नदिन तथा नियमित खोप सेवा सुदृढिकरण गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य कार्यालय बागलुङका प्रमुख, जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रमा स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत प्रविण शर्माले कार्यक्रममा शुभकामना मन्तव्य राख्नु भएको थियो भने कार्यक्रम संचालन जनस्वास्थ्य निरिक्षक देव प्रकाश घिमिरेले गर्नुभएको थियो। स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य, खोप सुपरभाइजर राजु खत्री र बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत राम प्रसाद खनालले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका र निसिखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, मेडिकल अधिकृत, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो ।



पोखरा नर्शिङ्ग कलेज, कास्कीको आयोजनामा स्कुल हेल्थ प्रोग्राम अन्तर्गत, श्री अमरसिंह नमुना उच्च मा.वि.मा स्वास्थ्य शिक्षा तथा दन्त परिक्षण शिविर संचालन भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा स्वास्थ्य निर्देशनालय,गण्डकी प्रदेश, पोखरा र गलकोट नगरपालिकाको समन्वयमा हटिया,गलकोटमा सरोकारवालाहरुसँग मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य बिषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको छ । स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख; जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षतामा गलकोट नगर पालिकाका प्रमुख प्रशाशकिय अधिकृत थमन सिंह गौतम तथा स्वास्थ्य निर्देशनालय, पोखराकी अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेल, गलकोट नगर अस्पताल प्रमुख डाक्टर राजेश पौडेलको बिशेष आथित्यमा सम्पन्न कार्यक्रममा गलकोट नगर कार्यपालिका सदस्य टुकु श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य अधिकृत सुशील पौडेल लगायत स्वास्थ्यकर्मी, संचारकर्मी, सुरक्षा निकायका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविकाको तथा अन्य सरोकारवाला सामाजिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा गत मङ्सिर महिनामा गलकोटमा भएको मातृ मृत्य, र त्यस संग सम्बन्धित verbal autopsy and cause assign बिषयमा प्रस्तुतीकरण गरिएको थियो साथै सहभागीहरुले गलकोट नगरपालिकामा मातृ तथा नवजात शिशु स्वास्थ्यको अवस्था, जिम्मेवार निकायको आगामी तयारी तथा कार्ययोजना सम्बन्धमा अन्तरक्रिया गर्नुभएको थियो । कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय बागलुङका पब्लिक हेल्थ नर्स सीमा कुँवरद्वारा भएको थियो ।




गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले सुत्केरी हुन नसकेर ज्यान जोखिममा परेकी गर्भवतीको २०८० साल फागुन ४ गते हेलिकप्टर मार्फत उद्धार गरेको छ। म्याग्दी जिल्लाको धवलागिरी गाउँपालिकाको वडा नम्बर ४ स्थित दुर्गम गाउँ बगरबाट ३८ वर्षीय तुलशा बुढाथोकीलाई एकदिन अघि देखि सुत्केरी हुने व्यथा लागेको, उच्च रक्तचाप (PIH) भई आमा र बच्चा दुबैको ज्यान जोखिममा परेको अवस्थामा मन्त्रालयले आफ्नो कार्यक्रम मार्फत हेलिकप्टरबाट तत्काल उद्धार गरि आमा र बच्चा दुबैको ज्यान जोगाउन सफल भएको छ । निजको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा सुत्केरी गराइएको छ । हाल आमा र बच्चा दुबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८०, वर्ष ५, २०८० फाल्गुन ६, February 18, 2024 आइतबार




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा प्रदेश स्थापना दिवसको अवसरमा वृक्ष रोपन कार्यक्रम संचालन भएको छ।




फलेवास नगर अस्पताल, पर्वतको आयोजना स्वास्थ्य कार्यालय पर्वतको समन्वय र मेडिक मोबाइलको आर्थिक सहयोगमा "पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषण कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम" को लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने तालिम सम्पन्न भएको छ । उक्त कार्यक्रम नगर अस्पताल प्रमुख डाक्टर प्रबिन सापकोटाको अध्यक्षतामा र स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराका अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालयका कम्युनिटि नर्सिङ अधिकृत दृस्टी पौडेल र प्रतीक्षा रेग्मीको उपस्थिति रहेको थियो। तालिममा सहजीकरण स्वास्थ्य कार्यालय, पर्वतका पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्मा लगायत फलेवास नगर अस्पतालका कृष्ण थापा र राम माया नेपालिले गर्नु भएको थियो।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**





**सम्पादक**

नवराज शर्मा

वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com


